नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १९६ २०७७ साल फागुन २२ गते शनिबार (6 Mar. 2021 Saturday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाल अब शान्तिपूर्ण ... ३ पृष्ठमा : कोभिड-१९ विरुद्धको ... ३ पृष्ठमा : अफगानिस्तानमा २४ घण्टा ...

# अविश्वास प्रस्तावको समर्थन गर्नुपर्छ : काँग्रेस महामन्त्री कोइराला

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

नेपाली काँग्रेसका महामन्त्री डा. शशांक कोइरालाले अविश्वास प्रस्तावको समर्थन गर्नुपर्ने धारणा राखेका छन् ।

सप्तरीको तिलाठी गाउँपालिका १ स्थित तिलाठीमा १८ वर्षअघि आफैले शिलान्यास गरेको तृप्ति नारायण मेमोरियल इएनटी अस्पतालको नवनिर्मित भवनको शुक्रबार उद्घाटन गर्दै महामन्त्री कोइरालाले सो धारणा राखेका हुन् ।



अविश्वास प्रस्तावको पक्षमा जानु पर्ने धारणा सार्वजनिक गर्दै महामन्त्री कोइराला नेकपा दाहाल-नेपाल पक्षसँग सहकार्य हुने संकेत समेत गरेका छन् ।

महामन्त्री कोइरालाले अविश्वास प्रस्तावमा जानु भन्दा अगाडी कसलाई प्रधानमन्त्री बनाउने बारेमा पनि निश्कर्षमा पुग्नु आवश्यक रहेको भन्दै शेर बहादुर जी आफै प्रधानमन्त्री बन्नुहुन्छ वा माधव नेपाल अथवा प्रचण्ड बन्ने हो यसबारे पहिले नै टुङ्गोमा पुग्नु उपयुक्त हुने बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै महामन्त्री कोइरालाले मुलुक अहिले अत्यन्तै अफठ्यारो अवस्थामा रहेको बेला काँग्रेस कतातिर जाने हो भन्ने कुरामा अलमल रहेको जिकिर समेत गरे । उनले कम्युनिष्टहरु मिलेर बनेको नेकपा फुटेका पनि छन्, फुटेका छैनन् पनि जस्तै रहेको अवस्थामा अविश्वास प्रस्तावको समर्थनमा जानु नै आफ्नो धारणा रहेको उल्लेख गरे ।

अस्पतालका अध्यक्ष डा. अनिल भ्काको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, राष्ट्रियसभा सदस्य शेखर कुमार सिंह, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह, वडा अध्यक्ष दिनेश्वर मिश्र लगायतले पनि बोल्दै अस्पताल संचालनले यस भेगका साथै सीमावर्ती क्षेत्रका बासिन्दा लगायत आसपासका जिल्लाका जनतासमेत लाभान्वित हुने बताए ।

कार्यक्रममा अस्पतालका लागि निशुल्क जग्गादान गर्ने

*बाँकी अन्तिम पृष्ठमा*

# नेकपा पार्टी आधिकारिताको निर्णय आइतबार

काठमाडौं, २१ फागुन (रासस) ।

सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टी दल कस्को भन्ने विवादको निर्णय आइतबार सुनाउने भएको छ । न्यायाधीशहरू बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासमा यही फागुन १३ गते विहिबार निर्णय सुनाउने मिति तय गरेपनि पूर्वप्रधानन्यायाधीश सुरेन्द्रप्रसाद सिंहको निधनमा शोक विदा परेकाले यही फागुन २३ गते आइतबार उक्त विवादको निर्णय सुनाउने भएको हो ।

कस्नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आफ्नो पार्टीसँग नाम जुंधाएको विवादमा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलले दायर गर्नुभएको रिट निवेदनको सुनुवाइ सम्पन्न भइसकेको छ । अध्यक्ष कट्टेलले निर्वाचन आयोगमा २०६९ मा नेकपाका नाममा आफूले दल दर्ता गरेको तर तत्कालीन एमाले र माओवादीबीच २०७५ साल जेठ ३ गते एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा)कै नाममा निर्वाचन आयोगमा दल दर्ता भएको विरुद्ध रिट निवेदन दायर गर्नुभएको थियो ।

अध्यक्ष कट्टेलले निर्वाचन आयोगमा त्यसविरुद्ध उजुरी दिएपनि केपी शर्मा ओली र पुष्पकमल दाहाल अध्यक्ष रहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को पक्षमा निर्णय गरेको थियो । उक्त निर्णय विरुद्ध अध्यक्ष कट्टेलले २०७५ साल मङ्सिर २१ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो ।

**स्वास्थ्य कार्यालय, सप्तरी**

**कोभिड १९ विरुद्धको खोप कार्य तालिका**

| सि.न. | पालिका कार्यालय | चरण र खोप दिने मिति | खोप केन्द्र |
|---|---|---|---|
| १ | छिन्नमस्ता गा.पा. | प्रथम चरण २०७७/११/२३ देखि २५ गते सम्म | आफनो वडाको स्वास्थ्य संस्थाको खोप केन्द्रमा |
| २ | राजगढ गा.पा. | | |
| ३ | डाक्नेश्वरी न.पा. | | |
| ४ | बोदेवर्साइन न.पा. | | |
| ५ | वलान विहूल गा.पा. | | |
| ६ | विष्णुपुर गा.पा. | | |
| ७ | खडक न.पा. | | |
| ८ | सुरुगां न.पा. | | |
| ९ | शम्भूनाथ न.पा. | | |
| १० | रुपनी गा.पा. | दोश्रो चरण २०७७/११/२८ देखि ३० गते सम्म | आफनो वडाको स्वास्थ्य संस्थाको खोप केन्द्रमा |
| ११ | अग्नीसाईर कृष्णासवरन गा.पा. | | |
| १२ | कन्चनरुप न.पा. | | |
| १३ | सप्तकोशी न.पा. | | |
| १४ | हनुमाननगर कंकालिनी न.पा. | | |
| १५ | माहादेवा गा.पा. | | |
| १६ | तिरहुत गा.पा. | | |
| १७ | तिलाठी कोइलाडी गा.पा. | | |
| १८ | राजविराज न.पा. | | |

लक्षित समूह :

१) दोश्रो प्राथमिकताको (५५ वर्ष माथि उमेर समुह लाई ।
२) महाविद्यालय तथा विद्यालयका प्रध्यापक,शिक्षक तथा कर्मचारीहरु ।
३) सार्वजनिक यातायातका चालक तथा सहचालकहरु ।
४) जोखिम तथा अग्रपक्तिंकामा रहेका(दर्ता भएका औषधि पसलमा कार्यरत र प्रयोग शालामा काम गर्ने कर्मचारी तथा सरसफाईकर्मीहरु ।
५) प्रथम र दोश्रो चरणमा छुटभएकाहरु ।

दुनिया लाल यादव
नि.कार्यालय प्रमुख
निमित कार्यालय प्रमुख



## सम्पादकीय

### राजनीतिक दल एकजुट हुनु आवश्यक

अहिले देशमा राजनीतिक संकटले जालो फैलाएको छ । सर्वोच्च अदालतले संसद विघटनलाई बदर गर्दै पुर्नस्थापना गरेपछि फागुन २३ गतेका लागि संसद अधिवेशन बोलाइएको छ । प्रधानमन्त्रीले गत पुस ५ गते संसद विघटन गरेपछि राजनीतिक संकट आएपछि सर्वोच्चले त्यसलाई पुर्नवहाली गरेको हो । यस्तो अवस्थामा अहिले संसद अधिवेशनमा प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुने भएको छ ।

मुलुकलाई राजनीतिक संकटबाट स्थिर अवस्थामा ल्याउन सम्पूर्ण राजनीतिक दलहरुबीच राष्ट्रियप्रेम, राष्ट्रियएकता तथा एकमत हुनु पर्छ । समस्याको समाधान निकाल्नु पनि अहिलेको उत्तम विकल्प रहेको छ । यसका लागि सबै दलको सहमति पनि उत्तिकै आवश्यक छ ।

तसर्थ राष्ट्रिय हीतका सम्पूर्ण राजनीतिक दलहरु एकताबद्ध भई समस्या समाधानतर्फ अघि बढनु पर्ने आजको आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नेपाल अब शान्तिपूर्ण युगमा प्रवेश गरेको छ : प्रधानमन्त्री ओली



**दैनिक समाचारदाता**
**काठमाडौँ, २१ फागुन ।** प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष केपी शर्मा ओलीले नेपाल अब शान्तिपूर्ण युगमा प्रवेश गरेको बताएका छन् ।

हिंसात्मक द्वन्द्वमा रहेको नेकपा विप्लवसँग तीन बुँदे सहमति भएपछि मुलुकमा अब हिंसाको अन्त्य भएको प्रष्ट पारे ।

सरकार र नेकपा (विप्लव समूह) बीच सम्पन्न सहमतिमा हस्ताक्षर समारोहमा शुक्रबार राष्ट्रिय सभा गृहमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले उक्त सो बताएका हुन् । नेपाल र नेपाली जनताले शान्ति खोजेको चर्चा गर्दै प्रधानमन्त्री ओलीले राष्ट्रियता, राष्ट्रिय अखण्डता, सामाजिक न्याय र समानता, अधिकारसम्म पुग्ने अवसरको प्राप्ती, लोकतन्त्रको रक्षा र शान्ति चाहेको चर्चा गरे ।

'समृद्ध नेपाल सुखी नेपाली' स्थापित गर्न शान्तिपूर्ण वातावरणको आवश्यकता पर्ने भन्दै प्रधानमन्त्री ओलीले महासचिव चन्दले ऐतिहासिक जिम्मेवारी वहन गरेकोले सरकार र पार्टीको तर्फबाट धन्यवाद व्यक्त गरे ।

"यो क्र्यास ल्याण्डिङ होइन, सफल ल्याण्डिङ हो" प्रधानमन्त्री ओलीले भने, "यो रातारात गरेको सहमति होइन, लामो समयपछिको उपलब्धीको परिणाम हो ।" विप्लव पक्षसँग छलफल र वार्ता गरेको दशौं वर्ष पुगेको उनले स्मरण गरे ।

सहमति कार्यान्वयनको चरणमा कुनै समस्या आए वार्ताद्वारा सहमति खोजिने प्रष्ट पार्दै प्रधानमन्त्री ओलीले थपे, "यो सहमतिले नेपाललाई नयाँ युगमा प्रवेश गराएको छ ।" यसअघि सिके राउतसँग पनि यसैगरी वार्ताबाट सहमति गरी शान्तिको मूलधारमा ल्याएको प्रधानमन्त्री ओलीले स्मरण गरे । शान्तिको नयाँ युगमा नेपाल प्रवेश गरेपछि नेपालको समृद्धि अब असम्भव नहुने बताए ।

"आजको उपलब्धीले विश्वकै कम्युनिष्ट आन्दोलनलाई नयाँ सन्देश दिएको छ" चर्चा गर्दै प्रधानमन्त्री ओलीले थपे, "असल मनसायकासाथ अगाडि बढ्दा सफलता प्राप्त हुन्छ भन्ने हामी दृष्टान्त बन्न सफल भएका छौं ।" कोही मान्छेहरु देशलाई बर्बाद गर्न खोजेको उनले टिप्पणी थियो ।

"हामी प्रधानमन्त्रीको प्रस्ताव कसैलाई राखेका छैनौं र राख्न पनि राख्दैनौं" प्रष्ट पार्दै प्रधानमन्त्री ओलीले आफूले लोकतन्त्रको सही अभ्यासका लागि प्रतिनिधिसभा विघटन गरेको भएपनि सर्वोच्चले पुनर्स्थापना गर्दा नयाँ तमासा शुरुभएको बताए ।

प्रचण्ड-माधव पक्षप्रति टिप्पणी गर्नुहुँदै उनले थपे, "उहाँहरुको कार्यशैली देखेर अचम्म लाग्छ, आफ्नो दलको प्रधानमन्त्रीलाई किस्तीमा राखेर अरु दललाई दिन हिड्नुभएको छ ।" केही मानिसले कम्युनिष्ट आन्दोलन बदनाम गर्न खोजे पनि आफूहरुले त्यसो हुन नदिने बताए । आफू नेतृत्वको वर्तमान सरकार सफल सरकार भएको पनि उनले दावी गरे । सन् २०३० भित्र दिगो विकास लक्ष्य प्राप्त गर्न सफल हुने पनि उनले विश्वास व्यक्त गरे ।

साहसिक कामको शुरुवातमा सहभागी हुनुभएकोभन्दै महासचिव चन्दलाई प्रधानमन्त्री ओलीले धन्यवाद व्यक्त गर्दै मुलधार राजनीतिका लागि शुभकामना व्यक्त गरे । वार्ता टोलीमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै नेतालाई प्रधानमन्त्री ओलीले धन्यवाद व्यक्त गरे । प्रत्यक्ष, परोक्ष, प्रकट अप्रकट ढङ्गले योगदान दिने सबैलाई उनले धन्यवाद व्यक्त गरे । यस खुशीको दिन, सफलताको दिन, देशले जितेको दिनलाई सार्थक बनाउने सबै पक्षलाई धन्यवाद व्यक्त गरे ।

प्रधानमन्त्री ओली र नेकपा (विप्लव समूह) का महासचिव नेत्रविक्रम चन्द २ बजेर ४८ मिनेटमा राष्ट्रिय सभा गृहमा प्रवेश गरेका थिए । कार्यक्रममा दुवै पक्षका चार-चार जना नेताहरु मञ्चमा आसिन रहेका थिए । प्रधानमन्त्रीको दायाँ भागमा उपप्रधानमन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा 'बादल' र संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ आसिन रहेका थिए ।

त्यसैगरी महासचिव चन्दको बायाँ भागमा खडगबहादुर विश्वकर्मा, उदयबहादुर चलाउने 'दीपक' र अन्य नेताहरु बस्नुभएको थियो । फागुन १८ गते मंगलबार सरकारको तर्फबाट र नेकपा (विप्लव समूह) ले अलग अलग वार्ता टोली गठन गरेका थिए । दुवै समूहबीचको वार्तापछि २० गते विहिबार तीनबुँदे सहमति भएको थियो । कार्यक्रमको सञ्चालन डा. राजन भट्टराईले गरेका थिए ।

# बहराइन राजपरिवारका सदस्यसहितको टोलीले सगरमाथा आरोहण गर्ने

काठमाडौँ, २१ फागुन (रासस) । सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने उद्देश्यले बहराइन अधिराज्यका राजपरिवारका एक सदस्यसहित १६ को टोली नेपाल आउने भएको छ ।

बहराइनका लागि नेपाली दूतावासले विज्ञप्ति जारी गरी सो टोली आगामी चैत २ गते बहराइनबाट नेपाल प्रस्थान गर्ने निश्चित भएको जनाएको छ । बहराइनका लागि नेपाली राजदूत पदम सुन्दाससँग बिहीबार राजदूतावासमा सो आरोहण दलका केही सदस्यले भेट गर्दै उक्त जानकारी गराएका हुन् ।

बहराइन रोयल गार्ड (डिफेन्स फोर्स) मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती नागरिक रहेको सो टोली ७९ दिन नेपालमा रहनेछ । टोली विशेष विमानबाट नेपाल आउने छ । सगरमाथा आरोहणका लागि आवश्यक अन्य बन्दोबस्ती नेपालस्थित सेभेन समिट ट्रेकस प्रालिमार्फत भइहेको दूतावासले जनाएको छ । सो टोलीले सन् २०२० अक्टोबरमा लोबुचे पिक र मनास्लु हिमाल सफलतापूर्वक आरोहण गरेको थियो ।

# कोभिड-१९ विरुद्धको खोपको दोस्रो मात्रा वैशाख ७ गतेदेखि

काठमाडौं, २१ फागुन (रासस)। सरकारले पहिलो चरणमा कोभिड-१९ विरुद्धको खोप लगाएकालाई दोस्रो मात्रा आगामी वैशाख ७ देखि १५ गतेसम्म लगाउने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार यहाँ आयोजना गरेको 'कोभिड-१९ खोपको विज्ञान र नेपालमा खोप अभियान' विषयक छलफल कार्यक्रममा मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले पहिलो लगाएको खोपको मात्रा लगाएको आठ हप्तापछि दोस्रो मात्रा लगाउनुपर्ने भएकाले आगामी वैशाख ७ देखि १५ गतेसम्म दोस्रो मात्रा लगाउने तयारी गरिएको बताउनुभयो। माघ र फागुनमा पहिलो मात्रा लगाएको अन्तिम लगाएको आठ हप्ता पुगेपछि सबैलाई वैशाख ७ गतेदेखि नै खोप लगाउने थालिएको हो। पहिलो चरणको खोप अभियानअन्तर्गत माघ १४ देखि ३० गतेसम्म लगाएका स्वास्थ्यकर्मी, अग्रपङ्क्तिमा काम गरेका सुरक्षाकर्मी, पत्रकार र कूटनीतिक नियोगका कर्मचारीलगायतलाई 'कोभिशिल्ड' को दोस्रो मात्रा वैशाख ७ देखि १५ गतेसम्म लगाइने भएको छ।

पहिलो चरणको खोप अभियान माघ १४ देखि फागुन पहिलो हप्तासम्म करिब चार लाख २९ हजारलाई कोभिड-१९ विरुद्धको 'कोभिशिल्ड' खोप लगाइएको थियो। उक्त खोप अभियानमा कूल जनसङ्ख्या १.४ प्रतिशतलाई खोप प्रदान गरिएको थियो। सरकारले ७२ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने लक्ष्यका साथ खोप किन्ने प्रक्रियासमेत अगाडि बढाएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार थप ५० लाख मात्रा खोप खरिद गर्ने प्रक्रियासमेत अगाडि बढाइएको छ। यसअघि भारतको सेरम इस्चिस्युट कम्पनीले उत्पादन गरेको 'कोभिशिल्ड' खोप २० लाख किनेकोमध्ये १० लाख आइसकेको छ। सोही खोप यही फागुन २३ गतेदेखि ५५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई लगाइने भएको छ।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले कोभ्याक्स संयन्त्रमार्फत एक करोड ३० लाख मात्र खोप पनि आउने जानकारी दिनुभयो। उहाँले यसअघि खोप अभियान सञ्चालन गरेर दादुरा-रुबेला, बिफर, जापानीज इन्सेफेलाइटिस रोगलाई निवारण गरेको उल्लेख गर्दै कोभिड-१९ लाई पनि खोपद्वारा नै नियन्त्रण गर्ने बताउनुभयो। उहाँले खोपबारे बुझाउन नसक्दा शुरुमा खोप नलगाउन मानिस हिच्किचाएकोसमेत बताउनुभयो।

विश्व स्वास्थ्य सङ्गठन, नेपालका नेशनल प्रोफेसनल अफिसर डा राहुल प्रधानले कोभिशिल्ड खोप नेपालसँगै विश्वका ५८ देशले प्रयोग गरिरहेकाले प्रभावकारी र सुरक्षित रहेको बताउनुभयो। उहाँले विश्वमा २२ करोड ७६ लाख मानिसले लगाइसकेको समेत जानकारी दिनुभयो। उहाँले विभिन्न अध्ययनले कोभिशिल्ड पहिलो मात्रा लगाएको आठ हप्तामा लगाए ७१ प्रतिशत र १२ हप्तामा लगाए ८१ प्रतिशत प्रभावकारी देखिएको बताउनुभयो। गम्भीर रोग लागेकालाई सतप्रतिशत केही नभएको समेत उहाँले स्पष्ट पार्नुभयो। खोपमा एक डलर खर्च गरे ४२ डलर फिर्ता हुने उहाँको भनाइ रहेको छ।

**सार्कमा माल्दिभ्स बढी**

उहाँका अनुसार दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)मा सबभन्दा बढी माल्दिभ्समा खोप लगाइएको छ। माल्दिभ्समा २२.८८ प्रतिशत, श्रीलङ्कामा २.५९ प्रतिशत, बङ्गलादेशमा २.०३ प्रतिशत, भारतमा १.१३ प्रतिशत र पाकिस्तानमा ०.०३ प्रतिशत जनताले खोप लगाएका छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### अफगानिस्तानमा २४ घण्टा यता भएका हिंसामा ९० जना मारिए

काबुल, २१ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानमा गएको २४ घण्टायता भएका हिंसामा परी कम्तीमा ९० जनाको मृत्यु भएको छ। तालिबानी विद्रोही समूहले सरकारसँग वार्ता गरिरहे पनि अफगानिस्तानमा तालिबानहरुले हिंसात्मक घटनालाई निरन्तरता दिइरहेका छन्।

शुक्रबार दिइएको जानकारी अनुसार यहाँ गएको २४ घण्टा यता भएका हिंसामा परी ती व्यक्तिको निधन भएको बताइएको हो। यहाँको संस्था रिडक्सन इन भायोलेन्स (आरआइभी) ले शुक्रबार बिहान सो जानकारी दिएको छ।

रिभले भनेको छ, "गएको २४ घण्टा यता अफगानिस्तानका विभिन्न क्षेत्रमा भएको तालिबानका आक्रमण लगायतका हिंसामा परी आठ जना अफगान सर्वसाधारण नागरिक र पाँच जना यहाँको राष्ट्रिय सुरक्षा संगठनका सदस्य पनि मारिएका छन्।" साथै यो अवधिमा अफगानिस्तानको राष्ट्रिय सुरक्षा निकायले गरेको कारबाहीमा परेर कम्तीमा पनि ७७ जना तालिबान मारिएका पनि बताइएको छ। सरकारी फौजले तालिबानका विरुद्धमा गरेको कारबाहीमा परी ती तालिबान मारिएका हुन्।

अफगानिस्तानमा जारी रहेको युद्धको अनुगमन गरिरहेको सो संस्थाका अनुसार यी हिंसाका क्रममा थप ३३ जना नागरिक र ३१ जना तालिबानहरु पनि घाइते भएका छन्। गएको २४ घण्टा यतामात्र अफगानिस्तानका विभिन्न पाँच प्रान्तका आठ स्थानमा हिंसात्मक आक्रमणहरु भएका थिए। अफगानिस्तानका ३४ प्रान्तमध्ये यहाँका पाँच प्रान्तमा गएको २४ घन्टामात्र यता हिंसात्मक हमलाहरु भएका थिए।

### दक्षिण कोरियामा कोभिडको संक्रमण केही घट्दो

सोल, २१ फागुन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड- १९) का संक्रमितहरूको संख्या पछिल्लो समयमा केही घटेको देखिएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले संक्रमित हुनेहरूको संख्यामा पछिल्ला सातामा केही कमी आएको जनाएका छन्।

प्राप्त समाचारअनुसार पछिल्लो २४ घन्टामा यहाँका ३८८ जनामा कोरोना भाइरसको संक्रमण भेटिएको छ। यो संख्या यहाँ केही दिनयताको भने कम देखिएको छ। योसँगै यहाँ संक्रमितहरूको संख्या ९१ हजार ६३८ जना पुगेको पनि बताइएको छ। कोरियामा पछिल्लो साता हरेक दिन संक्रमितको संख्या ४०० भन्दा तल झरेको छ। तर यो संख्या ३०० देखि ४०० सम्म रहेको पनि बताइएको छ। गएको २४ घन्टामा यहाँ ३८८ जना संक्रमित थपिएका हुन्।

उनीहरूमध्ये केही विदेशबाट आएका व्यक्ति हुन्। यसैगरी यहाँ पछिल्लो २४ घन्टामा आठ जना व्यक्तिको मृत्यु भएको छ। योसँगै कोरियामा कोरोना भाइरस संक्रमणबाट ज्यान जानेको संख्या एक हजार छ सय २७ जना पुगेको छ। दक्षिण कोरिया सरकारले कोरोना भाइरस संक्रमण रोक्न प्रभावकारी काम गरेको भन्दै शुरुका दिनहरुमा यहाँ यो भाइरसको संक्रमण बढेको थिएन। पछिल्ला हप्ताहरुयमा यहाँ यो भाइरसको संक्रमण बढेको भए पनि पछिल्ला केही दिनमा भने कम भएको देखिएको छ।

दक्षिण कोरियाका स्वास्थ्यसम्बन्धी अधिकारीहरूले दिएको जानकारीअनुसार कोरोना संक्रमितमध्ये १.७८ प्रतिशतको ज्यान गएको बताइएको छ। यहाँको सरकारले करिब ७० लाख नागरिकमा कोभिड संक्रमणको परीक्षण (पिसिआर) गराएको जनाएको छ।

### भारतमा एक करोड ११ लाख ७३ हजार भन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २१ फागुन (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा १६ हजार ८३८ जना कोरोना सङ्क्रमित थपिएपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ११ लाख ७३ हजार भन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ११३ जनाको मृत्यु भएपछि भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५७ हजार ५४८ जना पुगेको छ। हाल भारतमा एक लाख ७६ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् भने एक करोड आठ लाख ३९ हजारभन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको पहिलो चरणको खोप कार्यक्रम शुरु भएको थियो। भारतमा गत सोमबारबाट ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने कार्यक्रम शुरु भएको छ। त्यसैगरी दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोना भाइरसविरुद्धको खोप शुरु छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मङ्गलबारसम्म देशभर २१ करोड १ लाखको हाराहारीमा नमूना परीक्षण गरेको छ।

# कांग्रेस सरकारमा जानु हुँदैन : नेता सिंह

कलैया, २१ फागुन (रासस)। 
नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले अहिले पार्टीले सरकारमा जानुभन्दा प्रतिपक्षको भूमिकामा रही देशलाई सही दिशामा ल्याउन भूमिका खेल्नुपर्ने कुरामा जोड दिनुभएको छ। सिमरा विमानस्थलमा शुक्रबार पत्रकारसँग कुरा गर्दै उहाँले काँग्रेसलाई सरकारमा जान हतार नगरी विद्यमान सङ्कटलाई निकास दिनतिर भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

नेता सिंहले विधिको शासन कायम गर्न र प्रेस स्वतन्त्रतालाई मजबुत गर्नका लागि पनि काँग्रेसले प्रतिपक्षको भूमिका दरिलो रुपमा प्रस्तुत गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो। उहाँले पार्टीमा देखिएको गुटपउगुटलाई चिरी एकता निर्माण गर्नका लागि सबैको पहल हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले संविधानले तोकेको समयसीमामा पार्टीको अधिवेशन गरी पार्टीलाई जीवन्त राख्न सबैको साझा दायित्व रहेको बताउनुभयो। फरक प्रसङ्गमा नेता सिंहले पार्टीमा आफ्नो पनि ठूलो लगानी रहेको हुँदा कार्यकर्ताले विश्वास गर्‍यो भने सभापतिका लागि योग्य रहेको प्रष्ट पार्नुभयो। उहाँ पतरौता नगरपालिका-९ कुडवा निवासी स्व रामनारयण यादवको श्राद्धञ्जलि सभामा भाग लिनका लागि बारा आउनुभएको हो।

# लागु औषधसहित दुई यूवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट प्रहरीले दुई जना यूवकलाई लागु औषधसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा जिल्लाको अग्नीसाईर कृष्णसबरण गाउँपालिका वडा नं. ६ बस्ने २३ वर्षिय सुनिल बोहरा र उदयपुर चौदण्डी नगरपालिका वडा न. ९ बस्ने २२ वर्षिय सरोज भण्डारी छन्।

पक्राउ परेकाहरुसँग नाइट्राभेट १० लेखिएको ट्याबलेट थान ३०, डाइजेपाल लेखिएको ३ एम्पुल, फेनाग्रन लेखीएको ३ एम्पुल, लुपेजेसिक लेखीएको एम्पुल ३ थान, सिरिन्च ३ थान र स.११ प.२७४२ नम्बरको मोटरसाईकल समेत बरामद भएको प्रहरीले जनाएको छ।

विशेष सूचनाको आधारमा प्रहरीले उनीहरुलाई तिलाठी कोईलाडी गाउँपालिका वडा न. ५ स्थित कुनौली ईनरुव सडक खण्डबाट पक्राउ गरेको हो। पश्चिमबाट पुर्व तर्फ आउदै गरेको स.११ प २७४२ नम्बरको मोटरसाईकलमा जाँदै गरेको अवस्थामा पछाडी सवार सरोज भण्डारीसँग सो लागु औषध बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले पक्राउ परेका दुबै जनालाई शुक्रबार सप्तरी जिल्ला अदालतबाट म्याद थप भई गराई थप अनुसन्धान कार्य अगाडी बढाएको जनाएको छ।

# ११ सहायक सडक सम्पन्न हुँदै

काठमाडौँ, २१ फागुन (रासस)।
हुलाकी राजमार्ग हुँदै भारतको सीमासँग पुग्ने सहायक सडकमध्ये ११ सडकको निर्माण सकिएको छ। भारतीय सहयोगमा निर्माण भएका नौ र नेपाल सरकारको लगानीमा निर्माण भइरहेका दुई गरी ११ सडक सम्पन्न हुन लागेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ।

हुलाकी राजमार्गबाट भारतको सीमा क्षेत्रसम्म पुग्ने सडक निर्माणको काम भइरहेको निर्देशनालयले जनाएको छ। यी सडकमध्ये कतिपयको लम्बाई १८/१९ किमीदेखि २७ किमीसम्म रहेको निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो। यी सबै सडकको गरी जम्मा लम्बाई ८८२ किमी छ। उहाँका अनुसार कतिपय जिल्लामा एउटा मात्रै त कतिपय जिल्लामा दुई तीन वटासम्म यी सडक रहेका छन्। सरकारले आर्थिक वर्ष २०७९/८० मा राजमार्गसँगै यी सडक सम्पन्न गर्ने लक्ष्य लिएको छ। उहाँले भन्नुभयो, "त्यही लक्ष्यका साथ निर्माणको काम भइरहेको छ।"

हुलाकी राजमार्गबाट शुरु भएर सडक महेन्द्र राजमार्ग हुँदै भारतीय सीमासम्म रहेको छ। भारतीय अनुदानमा १० सहायक सडक निर्माण भइरहेकामा नौ सडक सम्पन्न हुन लागेको छ भने एउटा निर्माणाधीन रहेको प्रमुख बिसुरालले जानकारी दिनुभयो। नेपाल सरकारको बजेटबाट निर्माण हुने भनिएको २८ सडकमध्ये दुई सम्पन्न भइसकेको र २६ निर्माणाधीन रहेको छन्। उहाँले भन्नुभयो, "सरकारले वार्षिकरुपमा विनियोजन गरेको बजेटबाट निर्माणको काम भइरहेको छ।"

राष्ट्रिय गौरवको हुलाकी राजमार्गलाई पूर्व-पश्चिम राजमार्गको विकल्पका रुपमा हेरिएको छ। सडक निर्माण सम्पन्न भएपछि तराई-मधेशका जनताको जनजीवन सहज हुने अपेक्षा गरिएको छ। सरकारले मध्यपहाडी राजमार्गसँगै यो राजमार्गको निर्माण आव २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य लिएको छ। विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ का कारण गत आवमा आयोजनाअन्तर्गतका सडक निर्माण सुस्त थियो। चालू आवमा भने अपेक्षा गरिएअनुसार निर्माण अघि बढिरहेको निर्देशनालयले जनाएको छ।

## अविश्वास प्रस्तावको ...

शैलेन्द्र कुमार झा, सुगानन्द झा, रबिनाथ झालगायतकालाई प्रमुख अतिथि कोइरालाद्वारा सम्मान गरिएको थियो। अस्पताल समितिका सदस्य मनोज मुन्धडाद्वारा स्वागत तथा महासचिव किशोर झाद्वारा अस्पतालको गतिविधी बारे सबिस्तार जानकारी गराइएको कार्यक्रममा पूर्वसासंद सुरेन्द्र यादव, रन्जित कर्ण, रन्जु ठाकुर, काँग्रेस महासमिति सदस्य नागेन्द्र झा, नेपाल परिवार नियोजन संका उपाध्यक्ष अजित मिश्र पप्पु लगायतको पनि उपस्थिति रहेको थियो।

# जबरजस्तीकरणी मुद्दाका फरार अभियुक्त कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन।**
जबरजस्तीकरणी मुद्दाका एक फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरि पूर्पक्षका लागि कारागार चलान गरेको छ।

सप्तरीको खडक नगरपालिका वडा न. ६ मा राजबिराज १९ की २१ वर्षिया यूवतीलाई सोही नगरपालिका ७ बस्ने २५ वर्षिया मो. समरुदिन मियाँले फागुन १० गते जबरजस्तीकरणी गरि फरार रहेको प्रहरीले जनाएको छ।

फरार रहेका समरुदिनलाई प्रहरीले बुधबार पक्राउ गरि सप्तरी जिल्ला अदालतमा उपस्थित गराई शुक्रबार पुर्पक्षको लागी कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

## यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

## महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np